आज मिति २०८२/११/२९ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल वुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसिल बमोजिमको उपस्थितिमा बसि प्रस्तुत भएका प्रस्ताव बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

<u>तपसिल :</u>

| | |
|---|---|
| श्री जोकलाल वुढा, अध्यक्ष, तमानखोला गाउँपालिका | -अध्यक्ष |
| श्री हिरा कुमारी छन्त्याल, उपाध्यक्ष, तमानखोला गाउँपालिका | -उपाध्यक्ष |
| श्री थम वहादुर रोका, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. १ | -सदस्य |
| श्री नारायण सुनार, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. २ | -सदस्य |
| श्री झक वहादुर वुढा, वडा अध्यक्ष, तमानखोला गाउँपाालिका वडा नं. ३ | -सदस्य |
| श्री छ प्रसाद श्रीपाली, वडा अध्यक्ष, तमानखोला गाउँपालिक वडा नं. ४ | -सदस्य |
| श्री हिरा वहादुर वि.क. , वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं. ५ | -सदस्य |
| श्री चित्र वहादुर छन्त्याल, वडा अध्यक्ष, तमानखोला गाउँपालिका वडा नं.६ | -सदस्य |
| श्री देवसरा वि.क., कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री मन कुमारी वुढाथोकी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री भिम कुमारी छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री मिना कुमारी कामी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री हिक्मत जक्तपुरी, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री ढालेन्द्र छन्त्याल, कार्यपालिका सदस्य, तमानखोला गाउँपालिका | -सदस्य |
| श्री अमित परियार, प्रमुख प्रशासकीय अधिकृत | -सचिव |

<u>अन्य उपस्थिती:</u>

श्री बिरेन्द्र वहादुर कठायत, प्रशासकीय अधिकृत

Scanned with CamScanner

**मिति २०८२/११/२९ गतेका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :**

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २:

योजना अनुगमन तथा सुपरीवेक्षण समितिको अनुगमन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३:

आ.व. २०८२/०८३ को दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ४:

तमानखोला गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ५:

सार्वजनिक खाली जग्गामा फलफुल रोपण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ६:

दुर्घटनामा परेको कर्मचारीलाई आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. ७:

कृषि संकलन केन्द्रको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८:

खेलकुद कार्यक्रमका लागि आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. ९:

विविध सम्बन्धमा ।

क) बेसीघाट कल्भर्ट निर्माणमा जग्गा विवाद ।

ख) योजना सम्झौता गरि सक्ने समय सीमा तोक्ने ।

Scanned with CamScanner

## मिति २०८२/११/२९ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत योजना मध्ये तमानखोला गाउँपालकाको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका र वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका अनुसूची १ बमोजिमका ८ वटा आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३:

तमानखोला गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट भए गरेका सेवा प्रवाह, विकास निर्माण तथा सुशासनको विषयमा चालु आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिकसम्मको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ चैत १५ गते आइतबारको दिन विहान ११:०० बजे देखि वडा नं. ५, खुंखानीमा आयोजना गर्ने ।

निर्णय नं. ४:

यस बैठकमा प्रस्तुत भई छलफल भएको "तमानखोला गाउँपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२" सर्वसम्मतिले स्वीकृत गर्ने ।

निर्णय नं. ५:

यस बैठकमा प्रस्तुत भई छलफल भएको "सार्वजनिक खाली जग्गामा फलफूल रोपण तथा व्यवस्थापन कार्यविधि, २०८२" सम्बन्धमा आगामी बैठकमा थप छलफल गरि आवश्यक निर्णय गर्ने ।

निर्णय नं. ६:

तमानखोला गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक श्री जिवलाल पाध्या मिति २०८२ फागुन १२ गते राति मोटरसाइकल दुर्घटनामा परि गम्भिर घाइते भई हाल अचेत अवस्थामा ट्रमा सेन्टर, काठमाडौंमा उपचाररत रहेको हुँदा निजको शीघ्र स्वास्थ्य लाभका कामना गर्दै गाउँपालिकाको आकस्मिक सहायता कोषबाट खर्च हुने गरी रु. १ लाख नगद आर्थिक सहायता उपलब्ध गराउने ।

Scanned with CamScanner

निर्णय नं. ७:

तमानखोला गाउँपालिकाको कार्यालयले निर्माण गरेको तमानखोला गाउँपालिका वडा नं. १ स्थित कृषि संकलन तथा विक्रि केन्द्रलाई भाडामा लगाई सञ्चालनमा ल्याउनका लागि स्थानीय राजस्व परामर्श समितिलाई निर्देशन दिने ।

निर्णय नं. ८:

तमानखोला गाउँपालिका वडा नं. ३ स्थित तमान युवा क्लबले चैते दशैंको अवसरमा आयोजना गर्ने खेलकुद कार्यक्रमका लागि कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा खेलकुद विकास कोषबाट खर्च हुने गरी रु. २ लाख आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं. ९:

क) तमानखोला गाउँपालिका वडा नं. २ स्थित बेसी घाटमा कल्भर्ट निर्माणमा देखिएको जग्गा विवाद समाधानका लागि सम्बन्धित वडा अध्यक्ष लगायत कार्यपालिकाका सम्पूर्ण सदस्यले सक्रिय रुपमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ख) तमानखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम मध्ये टोल विकास संस्था, उपभोक्ता समिति, सामुदायिक संस्था, विभिन्न क्लब, आमा समूह मार्फत सञ्चालन गर्नुपर्ने तर हालसम्म पनि सम्झौता नभएका योजनाहरु मिति २०८२ चैत २० गतेसम्म अनिवार्य रुपमा सम्झौता गर्नका लागि सूचना प्रकाशन गर्ने ।

Scanned with CamScanner